# सार्वजनिक सुनुवाइ
## सुन्दरबजार नपा - ५

## प्रतिवेदन

### १. परिचय

सरकारी तथा अन्य संघ/सस्थाले प्रवाह गरेका सेवा तथा स्थानीय विकास निमार्ण सम्वन्धमा स्थानीय नागरिकहरुले कसरी लिई रहेका छन्? उनीहरुको गुनासो तथा प्रतिकृया के छ ? सेवा प्रवाहको सम्वन्धमा उनिहरुलाई परेको समस्या तथा जिज्ञासा के छ ? भनेर जनताको राय बुझ्ने तथा प्राप्त प्रतिकृयाको आधारमा आगामी दिनहरुमा कमिकमजोरीलाई सच्याउदै प्रभावकारी तवरले सेवाप्रभाह गर्नु नै सार्वजनिक सुनुवाईको मुख्य उद्धेश्य हो । यसै क्रममा जिल्ला विकास समिति, लमजुङको आयोजनामा मिति २०७२ असार २६ गते शनिवारका दिन सुन्दरवजार नगरपालिका साविकका ५ गाविस (सुन्दरवजार, भोटेओडार, कुन्छा, परेवाडांडा र तार्कु) लाई लक्षित गरी सार्वजनीक सुनवाई कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सार्वजनिक सुनुबाई कार्यक्रम सम्पन्न भैसकेको अवस्थामा सो को जानकारी दिदै यो प्रतिवेदन तयार गरिएको छ ।

### २. उद्धेश्यहरु

ज्ञ। जिल्ला विकास समितिले गरेका काम कारवाही, सेवा प्रवाह, साधन स्रोत, योजना एव कार्यक्रहरु सार्वजनिक चासोका विषयबारे सरोकारवालालाई जानकारी गराउने ।

द्द। जिल्लाका विषयत कार्यालय खास गरी जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालयको सेवा प्रवाह सम्वन्धमा जानकारी गराउने ।

घ। सार्वजनिक चासोका विषयमा नीति निमार्ण, योजना बजेट तर्जुमा, निर्णय गर्दा जनताको व्यापक सहभागिता प्रवर्द्धन गर्दै लोकतान्त्रिक अभ्यासलाई सस्थांगत गर्ने ।

ढ्ढ। सरोकारवाला एवं सेवाग्राहीका पीरमर्का, गुनासाहरु पहिचान गरी समन्वयात्मक रुपमा उक्त गुनासाहरुको उचित व्यवस्थापन गर्ने ।

छ। उपभोक्ता समिति लगायतका संघसस्थाले जिम्मेवारी लिई स्थानीय तहमा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुर्‍याउने ।

ट। सेवा प्रदायक र सेवाग्राही बीच रहेको सम्वन्धलाई अझ नजिक बनाउने ।

ठ। सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शिता बनाउदै सुशासनमा सहयोग गराउने ।

## ३. कार्यक्रम संचालन मिति, स्थान

स्थान :- सुन्दरवजार नगरपालिका - ५

मिति :- २०७२ असार २६ गते शनिवारका दिन

## ४. उपस्थिति

श्री बिष्णुप्रसाद शर्मा स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति, लमजुङ्ग ।

श्री श्रवणकुमार तिमलसेना, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, लमजुङ्ग

श्री गणेश प्रसाद न्यौपाने, प्रतिनिधि नेपाली कांग्रेस

श्री लोकराज पाण्डे, प्रतिनिधि ने.क.पा. एमाले

श्री पारसमणी पौडेल, प्रतिनिधि ने.क.पा. एमाओवादी

श्री मोहनहरी पौडेल, अध्यक्ष ने.क.पा. माओवादी

श्री बालचन्द्र श्रेष्ठ, अध्यक्ष रा.प्र.पा.

श्री नारायण बहादुर थापा

श्री नरायण प्रसाद गौतम, का.प्र., घरेलु प्रतिनिधि

श्री डा. दिर्घनाथ ढुङ्गना, का.प्र, जिल्ला पशुसेवा कार्यालय

श्री चन्द्रमान डंगोल, जि.व.अ., जिल्ला बन कार्यालय

श्री तेजप्रसाद दवाडी, ब.कृ.वि.अ., जिल्ला कृषि विकास कार्यालय

लगायत प्रत्राकार, नागरिक समाज, वडा नागरिक मञ्चका संयोजक साथै महिलाहरु गरी ८२ जनाको उपस्थिति रहेको थियो ।

## ५.	कार्यक्रम व्यवस्थापन

सार्वजनिक सुनुवाई दिनको ११.०० बजे  संचालन गर्ने भनियता पनि सहभागिहरुका कारण दिनको १२.०० बजे स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद शर्माको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमलसेना, जिल्ला स्थित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख/प्रतिनिधिको उपस्थितिमा जिल्ला विकास समितिका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलले सञ्चालन गर्नु भएको थियो भने कार्यक्रमको उद्धेश्य बारे जिल्ला शासन विज्ञ श्री लोमस अधिकारीले जानकारी गराउनु भएको थियो ।

कार्यक्रम सञ्चालन गर्दै  मेघेन्द्र पोखरेलले सार्वजनिक सुनुवाईमा प्रयोग गरिने आचार संहित पढेर सुनाउदै सवैले देख्ने स्थानमा टाँस्नु भएको थियो । त्यस पश्चात पास नेपालका अध्यक्ष श्री प्रेम पोखरेलले नागरिक सन्तुष्टी अभिमत पत्रबाट प्राप्त सवालहरु साथै जिल्ला विकास समिति लमजुङ्गले प्रदान गरेका सेवा सुविधा सम्वन्धी बहिरगमन अभिमत Exit POLL बाट प्रप्त सवालहरु जानकारी गराउनु भयो ।

Exit POLL बाट प्रप्त सवालहरु बिभिन्न सेवाग्राही गरी ५० जनासहभागिहरुमा महिला ५ जना र ४५ जना पुरुषहरु सहभागी भएका रहेछन् । त्यस्तै नागरिक सन्तुष्ट अभिमत पत्रबाट प्राप्त सवालहरुमा स्थानीय निकाय जिल्ला विकास समिति र गाउ विकास समितिहरुका समस्याहरु उठान भएको पाइयो । सार्वजनिक सुनुवाईमा रेडियो भोटेवडारद्धारा प्रत्यक्ष प्रसारण्को समेत व्यवस्था गरिएको थियो । यस कार्यक्रमा उपस्थित सहभागिहरुले उठाएका सवालहरु तपशिल बमोजिम रहेका छन् ।

### सार्वजनिक सुनुवाईमा सहभागिहरुले पालना गरिनुपर्ने आचार सहितहरु

१ कार्यालय प्रमुखहरुले सेवाग्राहीबाट आएका जिज्ञासाहरुको टिपोट गरी चित्तबुझ्दो जवाफ दिनुपर्ने छ ।

२.जवाफ उपर चित्त नबुझेमा पुनः प्रश्न राख्न सकिने छ ।

३.यस कार्यालयलाई विषयान्तर हुनबाट जोगाउनु हामी सवैको दायित्व हुनेछ ।

४. कार्यक्रमलाई विथोलिन नदिने कुरामा हामी सवैको सहयोग रहनुपर्ने छ ।

५.सहभागी सेवाग्राहीले लेखेर टिपोट गरेर आफ्नो परिचय सहित जिज्ञासा राख्न सक्नु हुनेछ ।

६. पहिले उठान भै सकेको विषयबस्तु दोहोऱ्याएर राख्न आवश्यक छैन ।

७.सहभागिहरुले बोल्दा, भनाई राख्दा पालैपालो गरेर राख्नु पर्नेछ ।

८. सहभागीहरुले पालो लिनको लागि हात उठाएर संकेत गनुपर्ने छ । सहजकर्ताले समय दिएपछि आफ्नो बिचार राख्नु पर्नेछ ।

९. सहभागीहरुले आफ्नो भनाई राख्नु अगाडि आफ्नो परिचय दिएर आफ्नो भनाई कुन कार्यालय सगँ हो बताएर मात्र जिज्ञासा राख्नु पर्दछ ।

१०. भनाई राख्दा लामो पृष्ठभूमी नराखी स्पष्ट, सरल र संक्षिप्त रुपमा साथै शिष्ट र सभ्य भाषाशैलिमा राख्नु पर्दछ ।

११.कसैलाई व्यक्तिगत लाञ्छाना लगाउने, होच्याउने र अपमानित हुने ढंगबाट व्यवहार गर्ने तवरले विचार राख्न पाईने छैन ।

**सहभागिहरुले उठाएका प्रतिकृया संकलन**

सेवाग्राही नागरिकहरुबाट कार्यालयहरुबाट सेवा लिने क्रममा आफुले भोगेका समस्या, लागेका जिज्ञासा, गुनासाहरु तथा राय सुझावहरु संकलन गर्ने कार्य गरिएको थियो । यस क्रममा मुख्य गरी निम्नानुसार विषयमा सहभागीहरुले  प्रतिकृया दिएका थिए ।

**१. नवराज श्रेष्ठ - सुन्दरवजार नगरपालिका ७**

- जिल्ला विकास समितिले यस सुन्दरवजारमा कर/टाँगो  लगाएको छ । कहिलेदेखि अन्त्य हुन्छ ।
- यस नगरपालिका सिउँडीबारदेखि सुन्दरबजारसम्मको मर्मत गरिएको बाटो ज्यादै कमजोर छ कहिले पुनः मर्मत गरिन्छ ।
- जि.वि.स.बाट वितरण गरिएका कुर्चीहरु लिन जादा ७५० देखि ५५० भन्नु भयो के **हो ।**

**२ बासुराम कण्डेल - सुन्दरवजार नगरपालिका ८**

- भूकम्पबाट पुऱ्यको क्षति अनुगमन गर्न जिल्ला प्रशासन मार्फत आएका प्रविधिकहरुले रुख काट्नुहोस बनाउनुहोस् भनेर गए यसको अर्थ के हो ।
- जनअन्दोलन घाइते/लक्षित वर्गहरुलाई जिल्ला विकास समितिले केहि सम्बोधन गरेको पाइएन किन ।

- विद्युत क्षेत्र विकासका निम्ती बार्षिक रोयल्टी कति आउछ ।
- लक्षित वर्गको रकम कहाँ जान्छ ।
- ढुङ्गा, बालुवा व्यापक निकालियो कति पैसा भयो सो रकम कहाँ जान्छ ।

**३. राजेन्द्र श्रेष्ठ - सुन्दरवजार नगरपालिका ८**

- सुन्दरवजार क्षेत्रमा विद्युत आउने जाने गर्दछ, यसको अन्त्य भई जनताले सुविधा कहिलेदेखि पाउन सकिन्छ ।
- लमजुङ कृषि क्याम्पस कहिलेदेखि शान्ति होला यस क्याम्पसको पठन पाठन सुचारु गराउने जिल्ला स्थित राजनैतिक दल र जिल्ला प्रशासनले सहयोग गरिनु पर्‍यो ।

**४. रमेश मिश्र - सुन्दरवजार १३**

- गाविसको सचिव गाविसमा नबस्ने हुदाँ सचिव चिनेको छैन, कहिले भेट होला ?
- मालपोत कार्यालयका कर्मचारीलाई कार्यालयको रजिष्टर कहाँ हुन्छ, थाहाहुदैन तर लेखनदासले ठेली कहाँ छ थाहा हुन्छ । यसको अन्त्य कहिले हुन्छ ?

**५.तेजनाथ अधिकारी - साविकको सुन्दरबजार गाविस ५**

- बाटोमा ह्युम पाइप राखिएको छ र त्यसले गर्दा बस्तिमा भल पसेको छ यस योजना केन्द्रको कायक्रर्म हो भने फिजिविलिटि पेश गर्न पर्‍यो कि परेन ।

**६.बम वहादुर भण्डारी -सुन्दरबजार नगरपालिका**

- काम भएन भनेर पैसा दिनुभएन । धेरै बोले भण्डारीले पैसा पनि फिर्ता गरिदिन्छु भन्नुभयो । अहिले तपाईको कार्यालयको वजेट फ्रिज हुदै छ तपाई के हेर्नुहुन्छ जिल्ला विकास समितिमा बसेर ।

**७.डम्वर बहादुर अधिकारी राष्टिय उपभोक्ता मञ्च अध्यक्ष लमजुङ्ग**

- जिल्ला विकास समितिले मात्र होइन सबै कार्यालयले आ-आफ्नो सार्बजनिक सुनुवाई गरिनु पर्‍यो ।
- जिल्ला विकास समितिको रकम फ्रिज कति हुदैछ, किन रकम फ्रिज गराईयो ?
- लाङ्की को पुल कस्तो अवस्थामा छ देख्नु भएको छ कि छैन कहिले पुन निमार्ण गरिन्छ ?

- जिल्ला प्राविधिक कार्यालयका प्रविधिकहरुले रकम नखाई मूल्याङ्कन नगर्ने हुदाँ यस्तो परम्पराको अत्य कहिले होला ?

**८. बोज बहादुर थापा सुन्दरवजार नगरपालिका**

- लमजङ्ग भित्रका बाटाहरुमा खाली बर्षेनी टालोहाल्ले काम भयो । कहिले देखि यस्तो टालो हाल्ने कामको अत्य गरी गुणस्तरको काम गरिन्छ होला ?

**टिपोट तथा/पत्र द्धारा सोधिएका प्रश्नहरु**

- भुकम्पले पुऱ्याएको क्षती अनुगमन गर्न आएको प्रविधिक सहितको टोलि यस सुन्दरबजार नपाको कार्यालयमा नै बसि फर्किएको थियो । किन यस्तो भयो ?
- गाविस र नगरपालिकाले बर्षको २ पटक किन सार्वजनिक सुनुवाई गर्दैनन् ? गाविसको कार्यालयमा नागरिकि वडापत्र सवैले देख्ने ठाउमा टाँसिदैन किन ?
- भुकम्पले पुऱ्याएको क्षती अनुगमन गर्दा पूर्णक्षती र आंशिक क्षती कसरी निर्धारण गर्ने गरिन्छ र कति कतिका दरले राहात बितरण गर्ने गरिन्छ ।
- वजारमा खाद्य बस्तुमा अखाद्य पर्दाथको मिसावटयुक्त सामान भेटीने क्रम जारी छ, त्यस्ता खाद्यबस्तु उत्पादकलाई किन कारवाहि गरिदैन ?

**समापन कार्यक्रम**

सेवाप्रदायक संस्थाहरुबाट स्पष्ट पार्ने र प्रतिवद्धता व्यक्त गर्ने कार्यमा सेवाग्राहीहरुबाट प्राप्त जिज्ञासा, गुनासा र सुझाव प्राप्त भै सकेपछि उठेका सवालहरुमा आ-आफ्नो कार्यालयसगँ सम्वन्धी विषयवस्तुमा सम्वन्धित कार्यालय प्रमुख तथा प्रतिनिधिहरुले सरल भाषामा स्पष्ट पार्ने, जबाफ दिने कार्य भएको थियो । आएका कतिपय सुझावहरुलाई मनन् गरी आगामी दिनमा सच्याउदै लैजाने प्रतिवद्धता समेत व्यक्त भएका थिए । यस सार्वजनिक सुनुवाईमा राजनैतिक दलहरुको तर्फबाट श्री मोहनहरी घिमिरे नेकपा माओवादी र श्री गणेश अधिकारी नेपाली कांग्रेसको तर्फबाट समेत सम्बोधन गरिएको थियो । कार्यक्रम खास गरी स्थानीय विकास अधिकारी श्री बिष्णुप्रसाद शर्माले सवै सहभागिबाट राखिएका जिज्ञासाहरुलाई स्पष्ट पार्ने कार्य गर्नु भएको थियो र सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता व्यक्त गदै यस सार्वजनिक सुनुबाईको समापन गर्नुभयो ।